श्री राम चन्द्र मिशन

ECHOES NEPAL NEWSLETTER

# मालिकको समाचार

## अप्रिल २०१५

### गुजरात भ्रमण

२० अप्रिल, सोमवारको मध्यान्हमा श्रद्धेय कमलेश भाई **अहमदावादमा** अवगतरण गर्नु भयो । उहाँ विमानस्थवबाट सिधै आफ्नो आवास तर्फ प्रस्थान गर्नु भयो । साँझ ७.३० बजे उहाँले अदालाज योग आश्रममा जम्मा भएका करिब ६०० जना अभ्यासीहरु को लागि सत्सङ्ग पश्चात उहाँले सबै अभ्यासीहरु सित भेट गर्नु भयो ।

२१ तरिखको दिन विहान ६.३० बजे आश्रममा सत्सङ्ग संचालन गर्नु भयो । त्यसपछि उहाँले सरु र सुबोध भाषामा हृयदस्पर्शी भाषण दिनु भयो र आध्यात्मिक जगतको केहि कमै थाहा भएका तथ्यहरु उदघाटित गर्नु भयो :-

- गुरु र शिष्यको बीचको सम्बन्धको व्याख्या गर्दै उहाँले भन्नु भयो गुरुले आफ्नो शिष्यलाई सात महिनासम्म आफ्नो मानसमा राख्दछन् र त्यसपछि उनलाई दिव्यलोकमा सुम्पिदिनु हुन्छ । यदि शिष्यले साधनाको सबै अङ्ग वास्तविक उत्साहका साथ गर्दछन र आफ्नो अन्तरमनमा आफ्नो गुरु प्रति सदा प्रेम बाहेक अरु केहि पनि राखेनन् भने त्यो सुम्पन्ने कार्य सात महिना भित्रै हुन सम्भव हुन्छ । धेरै पटक केहि तुच्छ कार्यहरुको कारणले गर्दा उस्ले आफु स्वयंमलाई गुरुको मानसबाट बाहिर तान्दछ ।
- सबै व्यक्तिहरुले तपाईमा दिव्य प्रेम बराबर र समान रुपमा अनुभव गर्नु पर्दछ ।
- कुनै पनि साधकको लागि सबैभन्दा ठुलो चुनौती पुजा पश्चात उसमाथी प्रदान गरिएको अवस्थालाई कायम राखि राख्नु हो ।



भाषण पछि उहाँ आफ्नो आवास तर्फ प्रस्थान गर्नु भयो र सबै अभ्यासीहरुलाई आ-आफ्नो घरमा साँझ सात बजे सत्सङ्गमा बस्नको लागि जानकारी गराउनु भयो । बुधबारको दिन उहाँ नवजीवन एक्सप्रेसबाट सुरतको लागि प्रस्थान गर्नु भयो ।

२२ अप्रिलको दिन कमलेश भाई विहानको करिब ११ बजे **सुरत** पुग्नु भयो र एक जना अभ्यासीको घर तर्फ प्रस्थान गर्नु भयो । दिउसोको करिब २ बजे उहाँले सुरतमा निर्माण गर्न लागिएको ध्यानहरुको लागि किन्न लागिएको सम्पत्ति सम्बन्धि कागजातमा हस्ताक्षर गर्नु भयो । साँझको ५ बजे उहाँ नयाँ ध्यानहरु नर्माण स्थलमा सत्सङ्ग संचालन गर्नु भयो । त्यस सत्सङ्गमा दक्षिण गुजरातका करिब ३०० अभ्यासीहरु सहभागि भएका थिए । सत्सङ्ग पश्चात उहाँले छोटा वार्ता दिर्नु भयो । उहाँले भन्नु भयो कि उहाँ यस कुराले खुशी हुनु हुन्छ कि लामो प्रतिक्षा पछि सुरतमा एउटा ध्यानहल निर्माण हुन लागेको छ । उहाँले अभ्यासीहरुलाई यसलाई कलाको केन्द्रको हल (State of the Art) बनाउन आग्रह गर्नु भयो र भन्नु भयो कि यथासम्भव छिटै नै उद्घाटन गर्न आउँन इच्छुक हुनु हुन्छ । साँझको ६.३० बजे उहाँ **भरुच** तर्फ प्रस्थान गर्नु भयो ।



राजमार्गमा भएको साधन सवारीको चापले गर्दा उहाँ **भरुचमा** ब लुकीको ८.४५ बजे मात्रै पुग्नु भयो । उहाँले बेलुकीको ९ बजे त्याहाँ उत्सुकतापूर्वक प्रतिक्षा गरि रहेका अभ्यासीहरुका लागि सत्सङ्ग संचालन गर्नु भयो ।

२३ तारिखको दिन विहान ७.३० बजे को सत्सङ्ग पश्चात उहाँले केहि समयको लागि विश्राम गर्नु भयो । विहानको ११.३० बजे उहाँले वडोदराको लागि प्रस्थान गर्नु अधि सबै अभ्यासीहरुलाई भेट्नु



भयो ।

कमलेश भाई अपरान्हको करिब १ बजे वडोदरा पुग्नु भयो । सत्सङ्ग संचालन गर्नु भएपछि उहाँले एउटा छोटो वार्ता दिनु भयो । उहाँले भन्नु भयो सत्सङ्गको अवधिमा प्रवाहित भएको कृपाबाट उहाँ खुशी हुनु भएको छ र उहाँले राती १० बजे र अर्को दिन विहान ६.३० बजे सत्सङ्ग संचालन हुने जानकारी गराउनु भयो । उहाँले सबै अभ्यासीहरुलाई यी दुवै सत्सङ्गको लागि घरमा नै बस्न भन्नु भयो ।

सत्सङ्ग पश्चात कमलेश भाई एक जना पाहुनासित आश्रमको वरिपरि घुम्नु भयो जो विभिन्न आश्रमहरुमा जडान गरिने सौर्य उर्जाको उपकरणहरुको व्याख्या गर्न आएका थिए । वरिपरि घुम्दा उहाँले प्रकृतिको विभिन्न पक्षहरुको वारेमा व्याख्या गर्नु भयो । कमलेश भाईले पुरानो ध्यान हलमा पाहुना तथा अभ्यासीहरुको लागि विश्रान्तिको तरीका संचालन गर्नु भयो त्यसपछि उहाँले उहाँको प्रतिक्षा गरिरहेका केटाकेटीहरु सित भेट गर्नु भयो । उहाँ सौर्य उर्जाको उदाहरण दिएर उपचार विधिको वारेमा कुरा गर्नु भयो । कटेज तर्फ फर्किदा उहाँले धेरै अभ्यासीहरुलाई अभिवादन गर्नु भयो ।

उहाँ त्यस राती त्यही बस्नु भयो । मिशनका केहि कार्य सम्पपादन गर्नु भयो र शुक्रबार विहान **अहमदावादको** लागि प्रस्थान गर्नु भयो ।

२४ तारिखको साँझमा श्रद्धेय कमलेश भाईले नौ जना प्रशिक्षक उमेदवारहरुलाई आफ्नो निवासमा बोलाउनु भयो र सिटिङ्ग प्रदान गर्नु भयो । २५ तारिखको दिन उहाँले तिनीहरुको लागि दुईवटा सिटिङ्ग संचालन गर्नु भयो र प्रशिक्षकको रुपमा काम गर्न अनुमति प्रदान गर्नु भयो ।

साँझमा उहाँ हैदरवाद तर्फ प्रस्थान गर्नु भयो र भण्डाराको अगाडि देशको पश्चिमी भागलाई पुरस्कार स्वरुप दिईएको भ्रमण पुरा गर्नु भयो ।

## हैदरावाद

हाम्रा प्रियतम चारीजी महाराजको हृदय नजिक रहेको एउटा विशेष आयोजना हृदय देखि नै प्रिय थियो । शाहजहाँपुरमा बाबुजीको एउटा सुन्दर समाधि निर्माण गर्ने । त्याहाँको समस्या स्थानको थियो । हैदरावादमा कान्हा आयोजनाको लागि जमिन प्राप्त गरेपछि चारीजीले यस स्थानलाई आफ्ना प्रियतम मालिकको मेमोरियलमा अतुलनिय रुपमा निर्माण गर्नको लागि चयन गर्नुभयो ।

तत्पश्चात एउटा ठूलो प्रतिमा बाबुजीले निर्माण गर्न नयाँ सन्तती प्रति समर्पित भवनको माथि राख्ने योजना आयो । यो भवन हृदय आकारको गुढ चिन्हको ढाँचामा छ र हैदरावाद तर्फ आउँदा वा हैदरावादबाट बाहिर हवाई जहाजबाट यो देख्न सकिने छ । विमानस्थलका पदाधिकारीहरुले यसको कुल उचाई ५२ फिटमा सिमित गरिएको छ । समयले के स्पष्ट पार्यो भने संसार भरिबाट मानिसहरु यो मेमोरियल हेर्न ओईरिनेछन र यो प्रख्यात प्रकाशको केन्द्र बन्ने छ । अन्नत : २६ तारिख आईतवारको दिन बाबुजी महारा‍जको प्रतिमा प्रियतम कमलेश भाईको निगरानीमा स्थापित गरियो । यो आफैमा तीस फिट अग्लो रहेको छ र कलाको साच्चिकै सच्चा कार्य बनेको छ । मुहार अभिव्यक्तिपूर्ण र शान्त छ र हातले कुदिएको कारिगरी गरी विस्तृत रुपमा नै जिवन्त छ । यो पाँचवटा धातुको मिश्रण छ र करिब सयवटा भन्दा बढि धातुका पाताहरुलाई मुल माटोवाट तयार गरिएको ढाँचामा जोडिएको नदेखीने गरि बनाईएको छ । यो प्रतिमाको तौल १३ टन छ ।





# मे २०१५

## उन्नाव

लखनौं भण्डारा पश्चात कमलेश भाईले २ मे को दिन उत्सव केन्द्र भ्रमण गर्ने निर्णय गर्नुभयो । उहाँ विहानको ११ बजे प्रस्थान हुनु भयो र मध्यान्हको १२.३० मा उत्सव पुग्नु भयो । यो लखनौबाट ७० किलो मिटरमा रहेको छ । उहाँले ध्यानहरुमा सत्सङ्ग संचालन गर्नु भयो । तत्पश्चात उहाँले एउटा छोटो वार्ता दिनु भयो । यसमा उहाँले विशेष गरेर यो प्रश्नलाई सम्बोधन गर्नु भयो । मालिक जस्तो कसरी बन्ने ? बाबुजीले एउटा तरीका दिनु भएको छ । म त्यो भन्न अलिकता हिचकिचाई रहेको छु । एउटा व्यक्तिले आफुमा मालिकको गुण अर्न्तग्रहण गर्न चाहन्छन् भने रातीको १२ देखि विहानको २ बजे भित्रमा कुनै पनि समयमा १५ देखि २० मिनेटसम्म ध्यानमा बस्नु पर्दछ र प्रार्थनामय संकल्प गर्नु पर्दछ कि माकिकका सबै गुणहरु मेरो हृदयमा आइरहेका छन् । उहाँले यो पनि भन्नु भएको छ यदि यस्तो गर्न सक्नु भएन भने कृपया अपराध बोध नलिनु होस । बाबुजी यो तरीका भन्न चाहनु हुन्थ्यो । अभ्यासीहरु पहिले देखि नै अभ्यासहरुको धेरै पक्षको भारले थिचिएका छन् । अब फेरी थप एउटा ध्यान । उहाँले दिवा भोजन गर्नु भयो र लखनउ आश्रम फर्किनु भन्दा पहिले केहि विश्राम गर्नु भयो ।

## सीतापुर

३ मे को दिन उहाँ सीतापुर आश्रम जानु भयो त्याहाँ उहाँ विहानको ७.३० बजे पुग्नु भयो र सत्सङ्ग संचालन गर्नु भयो । त्यसपछि आश्रमको वरिपरि उहाँले रुख रोप्नु भयो । उहाँ खाना खाने क्षेत्रमा रोकिनु भयो र अभ्यासीहरुलाई विहानको खाजा वितरण गर्नु भयो ।

विहान ९ बजे सीतापुरबाट लखनौं तर्फ प्रस्थान गर्नु भयो । बाटोमा उहाँले धेरै विषयमा कुरा गर्नु भयो । आलोचना गरेर आफुलाई सानो नबनाउनु होस । यसले तपाई स्वयंलाई नै आघात गर्दछ । तपाईले आलोचना गरेको व्यक्ति  यहाँ छैन तसर्थ उसलाई केहि पनि हुदैन तर तपाईले आफुस्वयंलाई विषाक्त बनाउनु हुन्छ । जुन प्रेम विस्तार भई रहेछ त्यसलाई यो धृणा र अरुचिले के होला ? यो तिनीहरुको विषयको कुरो होइन्, तपाई आफु बन्नुबाट चुक्नु भयो ।

अपरान्हको २ बजे उहाँले लखनउ आश्रमको कटेजको पिंढिमा जम्मा भएका सबै स्वयं सेवकहरुलाई सम्बोधन गर्नु भयो । त्यहाँ हलुका विषयहरुमा कुराकानी र हाँसोहरु भए । त्यो सत्र उहाँसित सामुहिक फोटो खिचाएर अन्त्य भयो । साँझ ६ बजे उहाँले मुख्य ध्यानहलमा सत्सङ्ग संचालन गर्नु भयो ।

## दिल्ली

४ मे को दिन कमलेश भाई दिल्ली पुग्नु भयो । जब उहाँ भित्र बस्नु भयो उहाँ तत्कालै उहाँ आश्रमको योजनाको विषयमा काम गर्न शुरु गर्नु भयो र डिजाइनको विभिन्न प्रस्तावहरुमा छलफल गर्नु भयो । साँझ ६.०० बजे उहाँ गुडगाँव आश्रममा सत्सङ्ग संचालन गर्नु भयो । सत्सङ्ग पश्चात उहाँले दिनु भएको छोटो वार्तामा हामीहरु ध्यानमा नयाँ अभ्यासीहरुलाई कसरी आकर्षित गर्ने भन्ने विषयको खोजी गर्नु भयो । आफु स्वयंकै दैनिक ध्यानबाट शुरु गर्नु होस जुन अत्यन्त महत्वपूर्ण छ । हामीहरु आफ्नो भित्रको निश्चलता, आफु भित्र रहेको खुशीयाली, भित्रको शान्ति जुन हाम्रो हृदय भित्र छ त्यसको कारणले हामीलाई देखेर फैलिने हुनु पर्दछ जस्ले जब हामी हाम्रो दैनिक कियाकलाप सम्पन्न गर्दछौं । हामी कसैसित कुरा गर्दछौं, हाम्रो विचार तिनीहरु छेउ पुगिर हेको हुन्छ । यो कुनै व्यक्तिलाई धेरै स्नेहले कुनै व्यक्तिलाई सोचेको जस्तै हुन्छ । हाम्रो विचारहरु अत्यन्त शक्तिशालि हुन्छन् । जब हामी अभ्यास गर्दछौं र हामी भित्र रहेको त्यो प्रेमको अवस्थालाई कायम र ाखि राख्दछौं र त्यस्तै अवस्थामा काम गर्दछौं, जब हामी केहि कुर ालाई स्पर्श गर्दछौं, जब हामी केहि कुरा सुन्दछौं, जब हामी कसैलाइ हेर्दछौं, हामीले त्यहि प्रेम भरिएको अवस्था प्रसारण गरिरहेका हुन्छौ । यसलाई सचेत भएर कोशिस गर्नु होस । जव तपाई कुरा गर्नु हुन्छ, तपाईको प्रेमलाई सचेत भएर प्रसारण गर्ने कोशिस गर्नु होस ।

“बाबुजी महाराजलाई भन्नु भएको स्वामी विवेकानन्दको इच्छा यो थियो कि यसको कुनै अर्थ छैन कि मानिसहरुले हाम्रो पद्धतिलाई निरन्तरता दिउन कि नदिउन तर प्रत्येक परिवारले थाहा पाउनु पर्दछ कि हामीहरु विद्यमान छौं । जव हामीहरु लाई आवश्यकता पर्दछ, त्याँहा सहजमार्ग हुन्छ । हामीहरु सदैव उपलव्ध छौं ।”

धेरै राती, रातीको ११.३० बजे उहाँ दिल्ली अन्तराष्ट्रिय विमानस्थलको लागि प्रस्तान गर्नु भयो जहाँबाट युरोपको अर्को यात्रा शुरु भयो ।

श्री राम चन्द्र मिशन ECHOES OF NEPAL NEWSLETTER





## युरोप भ्रमण

**५ देखि २५ मे, २०१५**

श्रद्धेय कमलेश भाईले युरोप भ्रमण ईटलीको मिलानबाट शुरु भयो । ६ मे को दिन उहाँले मिलानमा ध्यान हलको उद्‌घाटन गर्नु भयो र त्यही दिन उहाँले ईटलीको ओष्टा केन्द्रको भ्रमण गर्नु भयो । त्यसपछि उहाँ स्वीजरल्याण्डको लाउजन तर्फ प्रस्थान गर्नु भयो । जहाँ उहाँले नयाँ आश्रममा सत्सङ्ग संचालन गर्नु भयो । उहाँले फ्रान्समा मोन्टेपिलर र पर्पिनान् केन्द्रहरुको भ्रमण गर्नु भयो र त्याहाबाट स्पेनको वार्सिलोना तर्फ प्रस्थान गर्नु भयो । वार्सिलोनामा हर्टफुलनेसको एउटा सत्र संचालन भयो र त्यहाँ भेला भएका सबै आगन्तुकहरुको हृदय स्पर्श गर्यो । तिनीहरु अन्तिम ध्यानमा सहभागी भए र उनिहरुले अभ्यास शुरु गर्ने निर्णय गरे । कमलेश भाईले पो र्तुगालको लिस्वनमा केन्द्रको भ्रमण गर्नु भयो र त्याँहाबाट फ्रान्सको लियोन जानु भयो जहाँ उहाँले तीन दिने हर्टफुलनेश सेमिनार संचालन गर्नु भयो ।

युरोप भरीबाट २६०० भन्दा बढि अभ्यासीहरु लियोनमा उक्त सेमिनारको लागि भेला भएका थिए जुन १५ देखि १७ मे सम्म संचालन भएको थियो । सेमिनारको अवधिमा Complete Works of Ram Chandra Vol. 5 को भेलाका सहभागीको माझमा बिमोचन गरियो । Designing Destiny भन्ने पुस्तकको फ्रेन्च संस्करण पनि प्रस्तुत गरियो जुन नोभेम्वर २०१४ मा आयो जना भएको पहिलो युवा सेमिनारमा कमलेश भाईले दिनु भएको वार्ताहरुको संकलन हो । यसको अनुवाद फ्रान्स र वेल्जियमका युवा अभ्यासीहरुद्धारा गरिएको हो । यस अंकको फ्रेन्च शिर्षक Créer Notre Destinée हो ।

सेमिनार अवधि भरि नै युवाहरुको लागि वेग्लै सत्र रहेको थियो जस्ले उनिहरुलाई विषयहरुमा मनन् गर्न र एक अर्कोसित अन्तरक्रिया गर्ने अवसर प्रदान गर्यो । यो सबैको लागि एक



अर्कासित सम्बन्ध स्थापित गर्नुको साथ साथै आफ्नो दृष्टिलाई गहिरो बनाएर आध्यात्मिक रुपमा अगाडि बढ्ने अवसर थियो । कमलेश भाईले पहिलो सत्रमा उहाँलाई सम्बोधन गर्नु भयो । कमले श भाईको अभिव्यक्तिहरुको विभिन्न युवाहरुको अभिव्यक्तिहरुको बीच त्याँहा सुन्दर वार्तालापहरुको प्रवाह भईरहेको थियो र सत्र हाँसो र प्रशंसाबाट भरिएका थिए ।









सामान्य मानिसको लागि हर्टफुलनेसको अनुभव गर्न दुईवटा खुल्ला सत्र राखिएको थियो । वाहिरका करिब १००० मानिसहरु यसमा सहभागी भए । १७ तारिखको दिन विहान ७.३० बजेको सत्सङ्गबाट शुरु भयो । २०० जना भन्दा बढि अभ्यासीहरु मुख्य गरेर रोमानियाबाट र केहि सर्विया र केहि मोल्डाभियबाट सहभागी भएका थिए । रिमिसोराबाट भियना तर्फ जाँदा कमलेश भाई हंगेरीको वुडापेष्टमा रोकिनु भयो र स्थानिय अभ्यासीहरुको लागि सत्सङ्ग संचालन गर्नु भयो । केहि हल्का खाजा खाए पछि उहाँ अष्ट्रियाको भियना तर्फ प्रस्थान गर्नु भयो । जहाँ उहाँ समसाँझै पुग्नु भयो । डेनमार्कको ब्राड सान्डे आश्रममा जानु अघि २१ मे को दिन त्याँहा एक दिने सेमिनार संचालन गरियो ।

ब्राड, सान्डेमा आयोजित सेमिनारमा जुन मे २२ को दिन आयोजना गरिएको थियो । अभ्यासीहरु उच्चरुपमा गहिरो कार्यक्रमहरुमा डुवेका थिए जस्मा युरोपभरीबाट करिब १२०० अभ्यासीहरु सहभागी भएका थिए । प्रत्येक दिन तीनवटा सत्सङ्गहरु हुने गर्थ्यो । विभिन्न वार्ताहरु पनि समावेश हुने गर्थ्यो यस कठिन समयमा यस पृथ्वीमा सचेतनाको विकाश, हाम्रो विकाशहरुको रहस्य खोल्ने विषयहरुमा गहिरा प्रस्तुतीहरु भएका थिए ।

२३ तारिखको दिन ध्यानको लागि तयार गरिएको पालमा सबै अभ्यासीहरुको लागि हर्टफुलनेशको प्रस्तुती थियो । अपरान्हमा स्थानिय आगन्तुकहरुको लागि एउटा हर्टफुलनेशको हृदयजन्य सत्र डेनिस भाषामा आयोजना गरिएको थियो । करिब चालिस जना व्यक्तिहरु आएर पहिलो सिटिङ्ग लिए । आईतवारको अपरान्हमा पनि त्यस्तै सत्र संचालन गरियो । साँझमा बेलुकी ५.०० बजेको सत्सङ्ग पश्चात कमलेश भाईले केहि समय केटाकेटीहरुसित विताउनु भयो जो चार वर्ष देखि सत्र अठार वर्ष सम्मका थिए ।





२५ मे को दिन सेमिनारको समापन साथै कमलेश भाईको युरोप भ्रमण समाप्त भयो । कमलेश भाईको युरोप भ्रमणको पूर्ण विवरण अभ्यासी बुलेटिनमा समेत उपलव्ध गरिएको छ । यसलाई https://www.sahajmarg.org/newsletter/sahaj-sandesh मा हेर्न सकिन्छ ।

## योगाश्रम, देहरादुन, उत्तराखण्ड

## Centre of Light





सन १९८९ को जुन महिनामा देहरादुनमा एक जना अभ्यासीको घर मा आईतवारको सत्सङ्ग शुरु भएको थियो । त्यसमा जम्मा ६ जना मात्रै नियमित अभ्यासीहरु थिए । अभ्यासीहरुको संख्यामा क्रमश : बृद्धि हुँदै गयो र सन २०००-२००१ देखि आश्रमको लागि जग्गाको खोजी शुरु भयो ।

### मलिकको भ्रमण

पूज्य चारीजी महाराजले सन १९९५ देखि २००५ सम्म देहरादुनको भ्रमण समय समयमा गरि रहनु भयो । सन २००१ नोभेम्बरमा भएको उहाँको भ्रमणको अवधिमा उहाँलाई आश्रम निर्माण गर्नको लागि सम्भावित तीनवटा स्थान देखाईको र उहाँले पोन्धाको स्थाललाई स्वीकृती दिनु भयो ।

१९ नोभेम्बर २००३ को दिन मालिकले घरको शिलान्यास गर्नुभयो र तत्कालै निर्माण कार्य शुरु भयो । ११ जुन २००४ मा उहाँले निर्माण कार्यको अवलोकन गर्न निर्माण स्थलको भ्रमण गर्नु भयो । ७ फेब्रुअरी २००५ मा चारीजी महाराजले आश्रमको उद्घाटन गर्नु भयो । उहाँले आश्रमको नाम "योगाश्रम" राख्न अनुमति दिनु भयो ।

आश्रमको १.०७ एकड जमिन रहेको छ र यो देहरादुनको पोन्धा नामक शान्त गाउँमा अवस्थित छ । जुन देहरादुनको शहरको केन्द्र र रेल स्टेशनबाट करिब १५ किलोमिटरमा रहेको छ । यो हिमाँचल प्रदेश जोडने राजर्मार्ग NH72 बाट तीन किलोमिटर पर रहेको छ । पेट्रोलियम विश्व विद्यालय जाने बाटो यस आश्रमको अगाडि रहेको छ जसले यसलाई सहरको केन्द्र सित जोडने छ ।



### सुविधाहरु

एउटा सुन्दर ध्यान हल (४०X६० फिट) रहेको छ जस्मा ध्यान हलको अगाडि सात फुट चौडाई भएको वरबण्डा जोडिएको छ । एनाउन्समेन्ट सिष्टम, प्रोजेक्टर र इन्भर्टर पनि रहेको छ । यसमा भर्‍याङ्गको मुनि हलको बाहिर रहेको भर्‍याङ्गमा जोडिएको एउटा पुस्तकालय पनि छ । ध्यान हलको अगाडि एउटा चौर र रुखहरु छरिएर रहेका छन जाकि यसको सौन्दर्य बढाई रहेको छ । यसमा दुईवटा कोठा भएको भान्सा खण्ड छ जुन ३०X३० फिटको छ । यसमा खाना खाने हल जोडिएको छ । प्रत्येक आइतबार सत्सङ्ग पश्चात अभ्यासीहरुलाई तयार पारेको विहानको खाजा खुवाईने गरिन्छ । शौचालयको खण्ड, एउटा स्टोर र कुरुवा कोठा र एउटा सानो पार्किङ्ग स्थान पनि यसमा रहेको छ । आश्रमको भित्र गाडिएको एउटा बोरिङ्ग इनार छ जसले पानी आपूर्ति गर्दछ र यो पिउन योग्य र प्रर्याप्त छ ।

### गतिविधिहरु

प्रत्येक महिनाको पहिलो आईतवारको कार्यक्रम दिवा भोजन सम्मको हुने गर्दछ । नजिकैका विकास नगर र जोली ग्रान्ट उपकेन्द्रहरुका अभ्यासीहरु पनि महिनाको पहिलो आईतवार सत्सङ्गमा सहभागी हुने गर्दछन् । हाम्रा श्रद्धेय मालिकहरुको जन्म दिवस याँहा अत्यन्त उत्साहपूर्वक मनाईने गरिन्छ । देहरादुनको विभिन्न संस्थाहरुका विद्यार्थिहरुको लागि आयोजना गरिने अल इण्डिया एस्से ईभेन्टको पुरस्कार वितरण प्रत्येक वर्ष आश्रममा आयोजना गरिन्छ ।

आईतवारको दिन सत्सङ्गमा अभ्यासीहरुको उपस्थितीमा क्रमश: बृद्धि भई रहेको देख्न पाउनु उत्साहजनक कुरो हो । १०० जनाको उपस्थिती देखे पछि हामी अव यो देखि रहेको छौं कि देहरादुन पनि एउटा ठूलो केन्द्रको रुपमा विकसित भई रहेको छ ।

To download or subscribe to this newsletter, please visit http://www.sahajmarg.org/newsletter/india For feedback, suggestions and news articles please send email to in.newsletter@srcm.org

© 2015 Shri Ram Chandra Mission ("SRCM"). All rights reserved. “Shri Ram Chandra Mission", "Sahaj Marg", “SRCM”, “Constant Remembrance” and the Mission's Emblem are registered Trademarks of Shri Ram Chandra Mission.This Newsletter is intended exclusively for the members of SRCM. The views expressed in the various articles are provided by various volunteers and are not necessarily those of SRCM.